सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं

# चमेनागृह सञ्चालन गर्ने सम्बन्धी बोलपत्र र e-bidding आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७६।०८।२४)*

आ.व. २०७६/०७७ को लागि यस अदालत परिसरभित्र चमेनागृह सञ्चालन गराउनको लागि e-bidding/e-submission समेतको लागि निम्न शर्तहरुको अधिनमा रही योग्यता पुगेका, इच्छुक र इजाजत प्राप्त फर्मरकम्पनीहरूबाट रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न वा e-bidding/e-submission बाट समेत पेश गर्न आव्हान गरिन्छ।

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैंकको टेकु शाखामा यस अदालको नाममा रहेको राजश्व खाता नं. क-१-१-९९९ राजश्व शिर्षक नं. १४२२७ (कार्यालय कोड नं. २०४००३५०१) मा रु. ३,०००।- रकम (फिर्ता नहुने गरी) बुझाएको सक्कल रसिदका साथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, इजाजत प्राप्त वा व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo मा login गरी download गर्न सकिनेछ।

२. बोलपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल धरौटी खाता नं. १२०१२००००१००२५२४ (कार्यालय कोड नं. २०४००३५०१) मा बोलपत्र जमानत वापतको रकम रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस अदालतको नाममा जारी गरेको बोलपत्र फारम बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन मान्य अवधिको बैङ्क जमानत संलग्न गर्नु पर्ने छ। साथै बोलपत्रको मान्य अवधि बोलपत्र फारम बुझाउने मितिले कम्तिमा ९० दिनको हुनेछ।

३. बोलपत्र पेस गर्दा फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको इजाजत पत्र वा व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो ५ (पाँच) वर्ष मध्ये ३ (तीन) वर्षको आर्थिक कारोबारको विवरण र बोलपत्र सम्बन्धी कार्य गर्न कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो अख्तियारीपत्र एवम् अन्य सम्वन्धित प्रमाणपत्रको

प्रतिलिपि संलग्न हुनुपर्नेछ । e-bidding/e-submission मा समावेश हुनेले उल्लिखित सम्पूर्ण कागजातहरुको Scan Copy सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo मा Login गरी Upload गर्नुपर्नेछ ।

४. बोलपत्रदाताको विगतको (पछिल्लो पाँच वर्षको कम्तिमा ३ (तीन) वर्ष) चमेनागृह सम्बन्धी आर्थिक कारोबार प्रत्येक वर्ष रु. २,४०,००,०००।- (अक्षरुपी दुई करोड चालिस लाख) रुपैयाँ भन्दा माथी कारोबार भएको हुनु पर्ने छ ।

५. बोलपत्रदाताले न्युनतम ३ वर्ष सरकारी निकाय वा अन्य कुनै सार्वजनिक संस्थामा चमेनागृह सञ्चालन गरेको अनुभव र सो कार्यको Appreciation Letter प्राप्त गरेको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले मूल्य अभिवृद्धि करबाहेकको दररेट उल्लेख गर्नुपर्ने छ । साथै BOQ मा उल्लिखित सबै महलहरुमा दररेट अनिवार्य भर्नुपर्ने छ । सो बमोजिम नभरेको दरभाउपत्र प्राप्त भएमा, मूल्याङ्कनमा समावेश गरिने छैन ।

७. सि.नं ३ मा उल्लेखित कागजात संलग्न नभएको, रीत नपुगेको, म्याद नाघी वा कुनै शर्त राखेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. खरिद गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस अदालतमा दर्ता वा e-Bidder ले e-bidding/e-submission गरी सक्नु पर्नेछ । म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा यस अदालतमा खोलिने छ । बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्नेछैन । फाराम वितरण गर्ने वा दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ ।

९. बोलपत्र साथ पेश गरिने कागजातहरु अनिवार्य रुपमा नोटरीबाट प्रमाणित भएको हुनु पर्नेछ । प्रमाणित नभएका कागजातहरु बोलपत्रको लागि ग्राह्य हुने छैनन् ।

१०. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । e-bidding/e-submission को हकमा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बमोजिम हुने छ ।

११. यस सम्बन्धी केही कुरा थपघट वा संशोधन भएमा यस अदालतको सूचना पाटीमा टाँस गरी जानकारी गराइनुका साथै यस अदालतको वेबसाईट www.supremecourt.gov.np मा समेत प्रकाशित गरिनेछ ।

१२. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस अदालतको प्रशासन शाखा (फो.नं. ०१-४२००७२९) मा सम्पर्क राख्न सकिने छ ।

| बोलपत्र सुचना नं | आपूर्ति गर्नु पर्ने सामान | बोलपत्र फारम दस्तुर | न्यूनतम जमानत रु. | बोलपत्रको प्रक्रिया |
|---|---|---|---|---|
| SC-CA-१/२०७६/०७७ | चमेनागृह सञ्चालन | ३,०००।- | ५,००,०००।- | बोलपत्र र E-Bidding समेत |